# संझौतावार्ता खाकाका मूलभूत सात तत्वहरू

१. **स्वार्थ वा हित :** त्यस्ता चासो, इच्छा, आवश्यकता, आशा तथा भयहरू जसले हाम्रो वर्तमान अवस्था, माग, तर्क-वितर्क वा विवादलाई आधार प्रदान गर्नुका साथै प्रोत्साहन गर्ने गर्दछन् ।

२. **विकल्पहरू :** सहमतिमा पुग्न सकिने सबै सम्भावनाहरू; त्यो संझौता उत्तम हुन्छ जसले आपसी लाभका सबै सम्भाव्य उपायहरूको खोजी गर्दछ ।

३. **वैधता :** निश्चित मापदण्ड, आधार, सिद्धान्त, कानुन, नियमावली तथा अभ्यासहरूका आधारमा निर्धारण गरिएको सहमतिको निष्पक्षता ।

४. **उपायहरू** (alternative) : सम्बन्धित पक्षहरूबीच सहमति हुन नसकेका खण्डमा छोडिएका उपलब्ध संभावनाहरू । सहमतिका उपायहरू उत्तम छन् भन्ने नलागेसम्म कुनै पनि पक्ष आपसी लेनदेनमा सहमत हुनुहुँदैन ।

५. **प्रतिबद्धता:** आफूले के गर्ने वा नगर्ने भनी प्रस्तुत गरिएका वक्तव्यहरू; सही संझौताहरूको योजना र निर्माण व्यावहारिक, दीर्घकालीन, सजिलै बुझ्न सकिने र परीक्षण गर्न सकिने किसिमले गरिएका हुन्छन् ।

६. **संचार :** सूचना वा जानकारी सम्प्रेषणको माध्यम; एकआपसमा असहमत भए तापनि उचित संचारका माध्यमद्वारा हामी एकअर्कालाई बुझ्न सक्छौं र सीमित स्रोतसाधनको उपयोग गरी सहमतिमा पुग्न सक्छौं ।

७. **सम्बन्ध :** संझौतावार्ता भित्र र बाहिरका अन्य पक्षहरूबीच हुने अन्तर्कृयाको समग्र रूप । अन्तर्कृया आपसी सम्बन्धलाई सुधार्ने किसिमको हुनुपर्दछ ।


Copyright © 2008 CMPartners. All rights reserved